# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

# आर्थिक वर्ष २०८० /०८१ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :-**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को २०८१ बैशाख १ देखि २०८१ आषाढ ३१ (अप्रिल १३, २०२४ देखि जूलाई १५ ,२०२४ ) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-
आर्थिक बर्ष २०८०/०८१ को कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ । चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को चौथो त्रैमासिक अवधि (आषाढ ३१ २०८१ को अन्त्यमा) | अघिल्लो त्रैमासिक अवधि (चैत्र ३०, २०८० को अन्त्यमा) | गत आ.व. को चौथो त्रैमासिक अवधि (आषाढ ३१, २०८० को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | १.३२ | १.४४ | १.८४ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.१५ | ०.०८ | ०.०९ |
| प्रति शेयर आम्दानी (रु) | १४.५६ | ७.०३ | ७.३० |
| प्रति शेयर नेटवर्थ (रु) | ९५.३९ | ९२.०३ | ८०.८३ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३७.२५ | २३५.८२ | २५०.१२ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | ९०८ | ८०८.०० | १२८०.०० |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | ६२.३६ | ११४.८७ | १७५.२७ |
| चालु अनुपात | १.८६ | ३.१२ | २.२१ |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रयमासको उपलब्ध तथ्यांङकका आधारमा बाह्य तथा आन्तरिक पर्यटकहरुको आवागमनमा उल्लेख्य सुधार भएको छ । गत आर्थिक वर्ष २०७९।०८० को यस अवधिसम्ममा करिव ७१८,८४४ पर्यटकहरुको आवागमन भएकोमा यस आर्थिक वर्षमा सो संख्या ७६८,२७० भई ६.८८ प्रतिशतको बृद्धी भएको छ । यसैगरि गत आर्थिक वर्षको चौथो त्रयमासको तुलनामा यस आ.व.को चौथो त्रयमासमा कम्पनीको कुल आम्दानी ९.४९ प्रतिशतले बृद्धि भएको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्यांक अनुसार वर्ष २०२४ को हालसम्मको तथ्यांक अनुसार हवाई मार्गबाट यात्रा गर्ने पर्यटकहरुको आगमन संख्याको मासिक औसत एक लाख भन्दा बढी पुगेको छ । यसका साथै यस अवधीमा स्थल मार्गबाट समेत उल्लेख्य मात्रामा भारतीय र बंगलादेशका पर्यटकहरुको आगमन भएको छ ।

(ग) हालको प्रतिस्पर्धी पर्यटन बजारमा यस चन्द्रागिरि हिल्सको मनोरम र अद्वितीय प्राकृतिक वातावरण तथा चन्द्रागिरि हिल्सले उपलब्ध गराएका पर्यटकिय उपजहरुको समुचित उपयोग, ग्राहक केन्द्रित उत्कृष्ट सेवा प्रदान, अनावश्यक खर्च नियन्त्रण गर्दै कम्पनीको आम्दानीमा उल्लेख्य सुधार गर्ने रणनीतिमा रहेको छ । यसका साथै विश्व पर्यटन बजारमा कम्पनीको प्रचार प्रसार तथा कम्पनीको रिसोर्टमा आउन चाहने पर्यटकहरुको सहजतालाई दृष्टिगत गर्दै कोठाहरुको अनलाइन बुकिंग तथा केवलकार टिकट खरिद सेवालाई थप सहज बनाईएको छ । यसका साथै कम्पनीबाट आन्तरिक पर्यटकहरुका लागि पनि समय समयमा विशेष छुट सहितको प्याकेजहरु प्रदान गरिदैं आएको छ । यसबाट बाह्य र आन्तरिक पर्यटकको आवागमनमा बृद्धि हुने अपेक्षा गरिएको छ ।

घ) कम्पनी केवलकार सेवालाई सत प्रतिशत सुरक्षित रुपमा संचालन गर्नका लागि प्रतिबद्ध रहेको छ । यसकालागि अपनाउनु पर्ने सुरक्षाका संयन्त्रहरु तथा उपकरणहरुको प्रयोगमा कुनै किमिसको सम्झौता गरिएको छैन । आपतकालीन अवस्थाका उद्दारका विधिहरु तथा प्रविधिहरुको प्रयोगको आदन प्रदान गर्ने रणनितिक साझेदारीमा नेपाल सरकार अर्न्तगतका सुरक्षा निकायहरुसंगको सहकार्यलाई निरर्न्तता दिदै गत फाल्गुन महिनामा ससस्त्र प्रहरी बलसंग संयुक्त रुपमा आपतकालीन केवलकार उद्दारको तालिम सफलतका साथ सम्पन्न गरिएको थियो । यसबाट कम्पनीको उद्दार कार्यमा कार्यरत कर्मचारीहरु तथा ससस्त्र प्रहरी बलका कर्मचारीहरुमा थप आत्मविश्वास पैदा भएको छ ।

(ङ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आएको छ । यसका साथै कम्पनीबाट कर्जाको केही रकम अग्रीम भुक्तानी समेत गरिएको छ । यसबाट मासिक ब्याज खर्च केही मात्रामा कम भएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| चौथो त्रैमासिक (२०८१ आषाढ ३१ (तदनुसार जूलाई १५, २०२४ सम्म) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| | ९१५ | ७६२ | ९०८ | ६१ | १२,०३४ | ९०९,५३० |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरुको कारणवाट आन्तरीक तथा वाह्य पर्यटन उद्योगमा पर्न सक्ने प्रभाव ।
२. देशको अस्थिर राजनैतिक वातावरणका कारणबाट पर्न सक्ने प्रभाव ।
३. पर्यटकिय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र भएका कामको पनि सुस्त गतिका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरु र नियमवाट विषेश गरि पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव ।
५. पर्यटन प्रवर्धनमा पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायको निर्ष्कयताका कारण कुनै गतिविधि नहुनु ।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।
७. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क) कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकारात्मक धारण र सोच, कम्पनीको व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरुको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा बृद्धि हुनुका साथै रिर्सोटमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा निरन्तर बृद्धि भैरहेको छ ।

ख) कम्पनीमा उपलब्ध सबै सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिईएको छ ।

ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविष्मरणिय पलहरुका रुपमा स्थापित गराउने उद्देश्य अनुरुप स्वदेशी पर्यटकहरुका लागि रिसोर्टमा विभिन्न छुटहरु सहितको प्याकेजहरु प्रदान गर्ने कार्य निरन्तर भैरहेको छ ।

**६. संस्थागत सुशासन :-**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण:**

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिएको छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

---

**अनुसुची १**

**Chandragiri Hills Limited**

Kathmandu, Nepal

## STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Ashad 31, 2081 BS (Jul 15, 2024)

| Particulars | Upto This Quarter ending on Ashad 31, 2081 BS (July 15,2024) Unaudited | Upto Previous Quarter ending on Chaitra 30, 2080 BS (Apr 12, 2024) Unaudited | Corresponding Previous Year Quarter ending on Ashad 31,2080 BS (July 16, 2023) Audited |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 2,967,381,996 | 2,990,641,295 | 3,058,706,725 |
| (ii) Intangible Asset | 3,528,078 | 2,852,421 | 3,136,531 |
| (iii) Capital Work in Progress | 13,289,367 | 13,289,367 | |
| (iv) Right of Use of Asset | 41,205,509 | 43,033,874 | 43,033,874 |
| (b) Long term Investment | 315,700,000 | 315,700,000 | 315,700,000 |
| Deferred tax asset | | | |
| **Total of Non- Current Asset** | **3,341,104,950** | **3,365,516,958** | **3,420,577,131** |
| **Current Assets** | | | |
| (a) Inventories | 35,703,082 | 38,046,751 | 27,772,074 |
| (b) Account Receivables | 33,517,309 | 27,154,326 | 25,506,325 |
| (c) Cash & Cash Equivalent | 129,246,073 | 90,564,132 | 259,273,233 |
| (d) Loans & Advances | 71,738,911 | 71,573,799 | 83,423,390 |
| (e) Other Current Assets | 28,388,363 | 24,914,121 | 20,541,843 |
| **Total of Current Asset** | **298,593,738** | **252,253,129** | **416,516,865** |
| **Total Asset** | **3,639,698,688** | **3,617,770,087** | **3,837,093,996** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (70,678,142) | (122,241,280) | (294,066,136) |
| Total Equity, Reserve and Surplus | 1,463,412,858 | 1,411,849,720 | 1,240,024,864 |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 1,938,443,719 | 2,031,257,848 | 2,284,879,288 |
| (b) Deferred Tax Liabilites | 26,505,352 | 43,914,615 | 73,914,655 |
| (c ) Lease Liability | 51,077,295 | 50,006,632 | 50,006,632 |
| **Total of Non-Current Liabilities** | **2,016,026,366** | **2,125,179,095** | **2,408,800,574** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 18,483,853 | 9,722,219 | 13,085,195 |
| (b) Account payable | 19,515,923 | 24,345,212 | 21,928,613 |
| (c) Other Current Liabilities | 122,259,689 | 46,673,840 | 153,254,749 |
| **Total of Current Liabilities** | **160,259,465** | **80,741,272** | **188,268,558** |
| **Total Equity and Liabilities** | **3,639,698,688** | **3,617,770,087** | **3,837,093,996** |

## STATEMENT OF PROFIT & LOSS FOR THE PERIOD ENDED ON Ashad 31, 2081 BS (July 15, 2024)

| Particulars | Upto This Quarter ending on Ashad 31, 2081 BS (July 15,2024) Unaudited | Upto Previous Quarter ending on Chaitra 30, 2080 BS (Apr 12, 2024) Unaudited | Corresponding Previous Year Quarter ending on Ashad 31,2080 BS (July 16, 2023) Audited |
|---|---|---|---|
| Revenue from Operation | 1,000,115,981 | 697,372,246 | 913,416,423 |
| Cost of sales | 129,757,390 | 90,486,950 | 113,471,750 |
| **Gross Income** | **870,358,591** | **606,885,297** | **799,944,673** |
| Other Income | 10,115,898 | 8,683,843 | 14,052,221 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 191,075,387 | 121,698,186 | 130,076,663 |
| Administrative and Other Expenses | 116,629,444 | 95,606,856 | 107,779,202 |
| **Total Expenses** | **307,704,831** | **217,305,042** | **237,855,865** |
| **Profit Before Interest, Depreciation and Tax** | **572,769,658** | **398,264,098** | **576,141,029** |
| Finance costs | 231,737,293 | 182,962,312 | 285,018,234 |
| **Profit Before Depreciation and Tax** | **341,032,365** | **215,301,786** | **291,122,795** |
| Depreciation and Amortization Expenses | 110,762,028 | 83,071,521 | 115,084,653 |
| **Profit before extra ordinary items and taxes** | **230,270,337** | **132,230,265** | **176,038,142** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | 6,882,344 | 24,320,025 | 64,002,326 |
| **Profit (Loss) for the period from continuing operations** | **223,387,993** | **107,910,240** | **112,035,816** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **223,387,993** | **107,910,240** | **112,035,816** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 14.56 | 7.03 | 7.30 |
| Diluted Earning per share | 14.56 | 7.03 | 7.30 |